केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : bfird@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१५/०६६/६७ मिति: २०६६/०७/२२

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

**विषय: मर्चेन्ट बैंकिंग सम्बन्धी कार्य गर्ने सहायक कम्पनी स्थापना सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो स्वपूँजी (Equity) लगानी गरेर छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई लगानी सम्बन्धी विद्यमान नीतिगत व्यवस्था तथा अन्य प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही मर्चेन्ट बैंकिंग सम्बन्धी कार्य गर्न सहायक कम्पनी (Subsidiary Company) स्थापना गरी कारोबार गर्न सक्ने व्यवस्थाका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

*<u>शर्तहरु :</u>*

(१) मर्चेन्ट बैंकिंग सम्बन्धी कार्य गर्ने सहायक कम्पनीले पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापन भई कम्तीमा ३० प्रतिशत शेयर सर्वसाधारणको लागि निष्काशन गर्नुपर्ने छ ।

(२) सहायक कम्पनीमा मुख्य कम्पनीको कम्तीमा ५१ प्रतिशत र अधिकतम ७० प्रतिशतसम्म संस्थापक शेयर स्वामित्व रहेको हुनुपर्ने छ ।

(३) सहायक कम्पनी स्थापना गर्ने बैंक/वित्तीय वित्तीय संस्थाले देहायका अवस्था पालना गरेको हुनुपर्ने छ ।

(क) यस बैंकको नीतिगत व्यवस्था तथा निर्देशनले तोकेको न्यूनतम चुक्ता पुँजी पूरा गरेको ।

(ख) यस बैंकले तोकेको पुँजीकोष पूरा गरेको ।

(ग) पछिल्लो त्रयमासमा निष्क्रिय कर्जा ५ प्रतिशतभन्दा बढी नभएको ।

(४) सहायक कम्पनी स्थापना गर्दा यस बैंकको सैद्धान्तिक सहमति र स्वीकृति लिएर मात्र स्थापना गर्नुपर्ने छ ।

(५) सहायक कम्पनी स्थापना गर्न नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिंदा मुख्य कम्पनी सम्बन्धी देहाय बमोजिमको कागजात समेत पेश गर्नुपर्ने छ ।

(क) प्रबन्धपत्र र नियमावली,

(ख) आयकर तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता प्रमाणपत्र,

(ग) विगत तीन आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु,

(घ) संचालक समितिले मर्चेन्ट बैंकिंग कारोबार गर्ने सहायक कम्पनी स्थापना गर्ने सम्बन्धी निर्णयको प्रतिलिपी ।

(६) मर्चेन्ट बैंकर सम्बन्धी सहायक कम्पनीले नियामक निकायबाट अनुमतिपत्र प्राप्त गरी देहाय बमोजिमका एक वा एक भन्दा बढी कार्य गर्न सक्नेछ :

(क) धितोपत्र निष्काशनका लागि विवरण पत्र, बिक्री सम्बन्धी प्रस्ताव तथा अन्य विवरण तयार गर्ने लगायत धितोपत्रको निष्काशन तथा बिक्री प्रवन्ध सम्बन्धी आवश्यक सबै कार्यहरु गर्न,

(ख) संगठित संस्थासंग सम्झौता गरी संगठित संस्थाले निष्काशन गरेको धितोपत्रहरु बिक्री नभएको अवस्थामा आफूले खरीद गर्न प्रत्याभूति (अण्डरराइटिङ्ग) दिने कार्य गर्न,

(ग) संगठित संस्थाको तर्फबाट धितोपत्रधनीहरुको अभिलेख राख्ने तथा धितोपत्रहरुको नामसारी लगायत शेयर रजिष्ट्रेशन सम्बन्धी अन्य सेवा प्रदान गर्न,

(घ) ग्राहकसंग सम्झौता गरी ग्राहकका लागि लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्न,

(ङ) धितोपत्रको खरीद तथा बिक्री दुवै मूल्य अंकित गरी त्यस्तो धितोपत्र आफ्नो नामबाट खरीद तथा बिक्री गरी बजार निर्माताको रुपमा कार्य गर्न ।

(७) सहायक कम्पनीले देहायका कार्य गर्न सक्ने छैनन् :

(क) धितोपत्र दलाली सम्बन्धी व्यवसाय गर्न,

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : bfird@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(ख) आफूले जारी गरेको धितोपत्रको व्यापार गर्न ।

(८) सहायक कम्पनीले वित्तीय स्रोत संकलन गर्ने प्रयोजनले दायित्वस्वरुप निष्कासन गर्ने कुनै पनि सुरक्षणपत्रहरुमा मुख्य कम्पनी (Parent Company) ले लगानी गर्न नपाउने र सो सुरक्षणपत्रको धितोमा कर्जा प्रवाह समेत गर्न पाउने छैन ।

(९) सहायक कम्पनीको नियमन, निरीक्षण, सुपरिवेक्षण र अन्य व्यवस्थाहरु नेपाल धितोपत्र बोर्डले तय गरेको नीति निर्देशन तथा विद्यमान अन्य व्यवस्था अनुरुप हुनेछ । यस व्यवस्थाबाट उक्त सहायक कम्पनीमा नेपाल राष्ट्र बैंकको तर्फबाट आवश्यकता अनुसार निरीक्षण सुपरिवेक्षण गर्न बाधा पुगेको मानिने छैन ।

(१०) मुख्य कम्पनी (यस बैंकबाट इजाजतपत्रप्राप्त) ले आफ्नो वित्तीय विवरण पेश गर्दा सहायक कम्पनीको वित्तीय विवरणहरु एकीकृतरुपमा पेश गर्नुपर्ने छ । सो प्रयोजनार्थ लेखा नीति र वित्तीय विवरण इ.प्रा.निर्देशन नं.४ को सम्बन्धित थप अनुसूचीमा तोकिए बमोजिम पेश गर्नुपर्ने छ । साथै, सहायक कम्पनीको लेखा नीति, सूचना प्रविधि तथा अन्य नीति/ प्रणालीहरु (Policies, Procedures and Systems) मुख्य कम्पनीसंग सामन्जस्यता कायम हुने गरी व्यवस्था गर्नुपर्ने छ ।

(११) मुख्य तथा सहायक कम्पनीबीच हुने कारोबारमा पारदर्शिता कायम राख्न यी कम्पनीहरुबीच हुने कारोवारमा वित्तीय स्वार्थ रहने हुँदा त्यस्तो कारोबार (Related Party Transactions) लाई दुवै कम्पनीले सम्बन्धित पक्षबीच हुने कारोबार (Related Party Transactions) शीर्षक अर्न्तगत खुलाउनु (Disclose) पर्नेछ ।

(१२) त्यस्तो कारोवार भए पछि नियमितरुपमा प्रकाशित गर्नुपर्ने वित्तीय विवरणमा सो कारोवार बारे विस्तृत जानकारी प्रदान गर्नुपर्ने छ । प्रतिस्पर्धात्मक बजार मूल्यमा कारोबार नगरेमा र/वा त्यस्तो कारोवार बारे विस्तृत विवरण निर्देशनानुसार प्रकाशित नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को परिच्छेद ११ बमोजिम जुनसुकै जरिवाना/सजाय हुनसक्ने छ ।

(१३) सहायक कम्पनीको वित्तीय विवरणको लेखापरीक्षण नेपाल राष्ट्र बैंकमा सूचीकृत लेखापरीक्षकबाट मात्र गराउनु पर्नेछ ।

(१४) सहायक कम्पनीले वार्षिक लेखापरीक्षण प्रतिवेदनको साथमा वित्तीय विवरणहरु एवं Long Form Audit Report समेत नेपाल राष्ट्र बैंकमा नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(१५) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी एकीकृत निर्देशन, २०६६ को इ.प्रा. निर्देशन नं. ८/०६६ मा भएका अन्य व्यवस्थालाई यथावत कायम राखी दफा नं. ३ को बुँदा नं. ४ मा भएको "यसैगरी इजाजतपत्रप्राप्त संस्थाले संगठित संस्थाहरुको शेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको १० प्रतिशतमा ननाघ्ने गरी मात्र लगानी गर्नुपर्ने छ ।" भन्ने व्यवस्था यस प्रयोजनका लागि छुट प्रदान गरिएको छ । तर, सहायक कम्पनीले संचालनको २ वर्ष भित्र सर्वसाधारणमा शेयर जारी नगरेमा उक्त छुट सुविधा उपलब्ध हुने छैन ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री डेभलपमेण्ट बैंकर्स एशोशिएशन, अनामनगर, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।